# सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०७७

सिद्धार्थनगर नगरपालिका

सिद्धार्थनगर, रुपन्देही

२०७७

# उद्देश्य र कारण

आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सिद्धार्थनगर नगरपालिकाको स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको  हो ।

प्रस्तुत विधेयकले सिद्धार्थनगर नगरपालिकाको स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकार सिद्धार्थनगर नगरपालिकाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ ।

द्रष्टव्यः यो विधेयक विनियोजन ऐन हो ।

उमा काफ्ले

नगर उपप्रमुख

# <u>सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०७७</u>

**सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७**

**<u>प्रस्तावना:</u>** सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)** यस ऐनको नाम “सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७७।७८ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ९५,०९,६६,०००।- (अक्षेरुपी पन्चानब्बे करोड नौ लाख छैसठ्ठी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजन :</u> (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त सिद्धार्थनगर नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) सम्वत् २०७६ साल चैत्र ११ गतेदेखि कोरोना भाइरस (कोभिड १९) का कारण देशव्यापी रुपमा गरिएको बन्दाबन्दी (लकडाउन) का कारण आ.ब. २०७६।७७ मा संचालित योजनाहरुको निर्माण कार्य प्रभावित भएकोले लकडाउन अवधिमा सम्झौता भएका वा लकडाउन अवधि भित्र सम्पन्न गर्ने गरी सम्झौता भएका तर २०७७ असार भित्र सम्पन्न हुन नसक्ने योजनाहरुलाई आ.ब. २०७७।७८ का लागि क्रमागत योजनाको रुपमा राखि म्याद थप गर्न सकिनेछ । क्रमागतमा राखिने उक्त योजनाहरुको लागि रकम विनियोजन गरी भुक्तानी गरिनेछ । संघीय सरकार वा प्रदेश सरकारबाट प्राप्त कार्यक्रमहरुको क्रमागतमा राखिएकोमा सम्बन्धित सरकारबाट रकम प्राप्त भएमा सोही रकम र प्राप्त नभएमा विनियोजन ऐनमा छुट्याइएको रकमबाट भुक्तानी गरिनेछ ।

(५) नगरसभाबाट पारित आ.ब. २०७७।७८ को बार्षिक बजेट तथा कार्यक्रम विनियोजन ऐनको अंग हुनेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **कुल जम्मा** | **चालु** | **पूजिगत** |
|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिका | ९५,०९,६६०००\| (पन्चानब्बे करोड नौ लाख छैसट्ठी हजार मात्र) | ५६ % | ४४ % |
| २ | | बिषयगत शाखा | | | |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | | | |
| ४ | | लगानी (शेयर/ऋण) | | | |
| | | **जम्मा** | | | |